नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्या: ०८३।८४

चलानी नं.: २१५

सिंहदरबार, काठमाडौं

## बाढी प्रभावित क्षेत्रमा घाईते, वेपत्ता तथा मृतक व्यक्ति एवं सम्पत्ति/व्यवसायसम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धी अत्यन्त जंरूरी सूचना

(सूचना प्रकाशन मितिः- २०८३/६/८)

सम्वत् २०८३ भदौ १० गते नेपाल-चीन सीमा क्षेत्र रसुवागढी तथा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको मानवीय, आर्थिक, सामाजिक, पूर्वाधारलगायतका क्षेत्रको हानी तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता अनुमान तथा पुनर्निर्माण योजनासहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Needs Assessment, PDNA) प्रतिवेदन तयार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३ भदौ १२ गतेको निर्णयानुसार राष्ट्रिय योजना आयोगबाट आवश्यक कार्य अगाडि बढाइएको जानकारी गराउँछौं। सो सम्बन्धमा उल्लिखित विनासकारी बाढीको विपद्का क्रममा रसुवा-भोटेकोशी लगायतका प्रभावित क्षेत्रमा अक्सर बसोबास नभएका तर त्यहाँ काम गर्न गएका मजदुर, तिर्थ गएका तीर्थयात्री, पदयात्रामा गएका स्वदेशी/ विदेशी र तिनका पथ प्रर्दशक, आयात गरिएका सामान लिन गएका सवारीचालक/ सहयोगी/अन्य व्यक्तिहरु वा व्यापार व्यवसायको क्रममा तहाँ अस्थायी बसोबास गरीरहेका कयौं व्यक्तिहरू वेपत्ता हुनुका साथै केहीको दुःखद् निधन भएको सार्वजनिक भएको छ। तसर्थ प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका अतिरिक्त अन्य जिल्ला तथा स्थानबाट यात्रा, व्यवसाय वा अन्य प्रयोजनका लागि सो क्षेत्रमा पुगेका व्यक्तिहरू समेत यस विपद्बाट प्रभावित भएको अवस्था रहेको हुँदा विपद्बाट प्रभावित वेपत्ता तथा मृतक व्यँक्तिहरूको यथार्थ विवरण, उनीहरूसँग सम्बन्धित व्यवसाय तथा प्रभावित सम्पत्तिको विवरण संकलन गरी क्षति तथा आवश्यकता पहिचान गर्न राष्ट्रिय योजना आयोगबाट छुट्टै अनलाइन पोर्टलमार्फत विवरण संकलनको व्यवस्था गरिएको हुँदा रसुवा-भोटेकोशी लगायत बाढी प्रभावित क्षेत्रमा घाईते वा वेपत्ता भएका वा मृत्यु भएका व्यक्तिहरू वा क्षति भएको व्यवसायिक वा व्यक्तिगत सम्पत्ती अन्य जिल्ला/स्थानका भएको हकमा सम्बन्धित परिवार, आफन्त वा कानुनी हकवालाले सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा वडा सचिव वा तोकिएको कर्मचारी मार्फत देहायको पोर्टलमा गई २०८३ असोज १५ गते भित्र यथासम्भव पूर्ण र यथार्थ विवरण उपलब्ध गराउनु हुनु अनुरोध छ। साथै, सम्बन्धित स्थानीय तहहरूले आफ्नो क्षेत्रका सम्भावित प्रभावित परिवार तथा आफन्तजनलाई यसबारे जानकारी गराई पोर्टलमा विवरण भर्न आवश्यक सूचना, सहजीकरण तथा समन्वय गरिदिनुहुन अनुरोध छ।

**देहाय**

**पोर्टलको लिंक: https://pdna.npc.gov.np/floating-signup**

**पोर्टलमा विवरण भर्ने सम्बन्धमा कुनै दुविधा भएमा निम्न नम्बरमा फोन गर्न सकिनेछ।**

१. कार्यक्रम निर्देशक श्री यदुनाथ आचार्य ९८४१५४८७६४
२. कम्प्युटर अधिकृत श्री डोल नारायण श्रेष्ठ ९८४१३५४७०३
३. योजना अधिकृत श्री डिंल्लीराम पौडेल ९८५१२४७६७१

राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं